प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या :-

चलानी नं. :-

## विज्ञप्ति

मिति २०७८/०३/०१ गते सिन्धुपाल्चोक जिल्लाको विभिन्न स्थानमा गएको बाढी तथा पहिरोबाट भएको क्षति र प्रभावको अनुगमनका लागि प्रदेश सरकार, बागमती प्रदेशको तर्फबाट माननीय मुख्यमन्त्री डोरमणि पौडेल, माननीय आन्तरिक मामिला तथा कानून मन्त्री केशवराज पाण्डे, मा. उद्योग पर्यटन वन तथा वातावरण मन्त्री सरेश नेपाल सिन्धुपाल्चोक जिल्लाको प्रतिनिधित्व गर्नुहुने माननीय प्रदेश सभाका सदस्यज्यूहरू, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव श्री मदन भुजेल र भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव श्री सञ्जीव वराल एवम् प्रदेशस्थित सुरक्षा निकायका प्रमुखज्यूहरू लगायतको टोलीबाट मिति २०७८/०३/०९ गते निरीक्षण तथा अनुगमन गरिएको छ।

अनुगमनका क्रममा विपद् प्रभावित क्षेत्रमा कार्यरत रहेका सुरक्षा निकायहरू, जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुपाल्चोक, सम्बन्धित स्थानीय तह र विपद् प्रभावित जनसमुदायसँग समेत छलफल गरी त्यस क्षेत्रका अवस्था बुझ्ने गर्ने कार्य भएको छ।

यस सन्दर्भमा प्रदेश सरकार, बागमती प्रदेशको तर्फबाट जिल्ला विपद् व्यवस्थापन समिति सिन्धुपाल्चोकलाई अवरूद्ध सेवाहरू सुचारू गर्न र विपद्बाट परेको क्षतिलाई तत्काल न्यूनीकरण गर्नका लागि रू. एक करोड आर्थिक सहायता पठाउने निर्णय भएको छ भने भौतिक पूर्वाधारहरूलाई थप क्षति हुन नदिन आवश्यक कार्य गर्नका लागि जिल्लास्थित जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, सिन्धुपाल्चोकलाई रू. पचास लाख रकम पठाइएको बेहोरा जानकारी गराईन्छ।

मितिः २०७८/०३/१०

२०७८।०३।१०

नारन प्रसाद पोखरेल

उपसचिव/प्रवक्ता